# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

# Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त संस्था

**प्रधान कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही**

**फोनः** ०७१-४३८९५१, ४३८९२९, ४३८९५३ **फ्याक्सः** ०७१-४३८९५४

Email: info@grameenbanknepal.com, URL: www.grameenbanknepal.com

## चौथो वार्षिक साधारण सभा बस्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/९/१९)

यस संस्थाको मिति २०७५/९/१७ गते बसेको सञ्चालक समितिको ११८ औं बैठकको निर्णयानुसार संस्थाको चौथो वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम उक्त सभामा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

**मितिः** २०७५ माघ १२, गते शनिबार, तदनुसार जनवरी २६, २०१९

**समयः** बिहान ११:३० बजे ।

**स्थानः** द दरबार लन प्रा.लि., तिलोत्तमा ३, योगीकुटी, रुपन्देही ।

**छलफलका विषयसूचीहरु :**

**क) साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व.२०७४/७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात, आ.व. २०७४/७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण (अनुसूची सहित) उपर छलफल गरी पारित गर्ने ।

३ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७५/७६ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिबाट सिफारिश भए मुताविक लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. स्वतन्त्र संचालक नियुक्तिको जानकारी सम्बन्धमा ।

५. सर्बसाधारण समूह "ख" अन्तर्गत रिक्त रहेको संचालक पद संख्या १ (एक) मा बाँकी कार्यकालका लागि निर्वाचन गर्ने ।

**ख) विविध :**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारणसभा सम्बन्धी थप जानकारी

१. वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०७५/९/२६ गतेदेखि मिति २०७५/१०/१२ गते सम्म संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ ।

२. मिति २०७५/९/२५ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई शेयर नामसारी भएका शेयरधनीहरुले मात्र संस्थाको चौथो वार्षिक साधारणसभामा सहभागी हुन पाउने छन ।

३. वार्षिक साधारणसभामा भाग लिन आउँदा शेयरधनीहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ ।

४. शेयरधनी महानुभावहरुले कम्पनी ऐन, २०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु संस्थाको प्रधान कार्यालय बुटवल रुपन्देहीमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ । साथै, साधारणसभा सम्बन्धी जानकारी संस्थाको वेवसाइट **www.grameenbanknepal.com** मा समेत राखिएको छ ।

५. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुबिधाका लागि हाजिरी किताब सभास्थलमा सभा हुने दिन बिहान १०.०० बजेदेखि खुल्ला रहनेछ ।

६. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले यस संस्थाको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ ।

७. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त हने शेयरधनीले प्रतिनिधिपत्र (प्रोक्सी फारम) साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात २०७५/१०/१० गते बिहान ११.३० बजेभित्र संस्थाको प्रधान कार्यालय बुटवलमा दर्ता गरिसक्नु पर्नेछ ।

८. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभा हुने दिन हाजिरी पुस्तिका खुल्नु अघि सभा स्थलमा आई लिखित सूचना दिनुपर्नेछ ।

९. शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तरगत वित्तीय सस्था सम्बन्धी केही जिज्ञासा भए ईच्छुक शेयरधनी महानुभावहरुले सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिवमार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।

१०.सभामा भाग लिन आए वापत यातायात खर्च, खाजा खर्च वा अन्य कुनै किसिमको रकम संस्थाले प्रदान गर्नेछैन ।

११.सभा सम्बन्धी अन्य जानकारीको लागि संस्थाको प्रधान कार्यालयमा फोन नं.०७१-४३७५२९ वा ४३८९५१ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।